# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३९ ) काठमाडौं, चैत ६ गते २०४६ साल ( संख्या ४८

## भाग ३

श्री ५ को सरकार

### निर्माण तथा यातायात मन्त्रालयको सूचना

#### सवारी (तेस्रो संशोधन) नियमावली, २०४६

सवारी नियमावली, २०२० लाई संशोधन गर्न वाञ्छनीय भएकोले, सवारी ऐन, २०२० को दफा १०, २१ र ४१ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले यो नियमावली बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस नियमावलीको नाम "सवारी (तेस्रो संशोधन) नियमावली, २०४६" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. सवारी नियमावली, २०२० को नियम १३ मा संशोधनः सवारी नियमावली, २०२० (यसपछि "मूल नियमावली" भनिएको) को नियम १३ को उपनियम (१) को सट्टा देहायको उप-नियम (१) राखिएको छः–

"(१) नियम १२ को उप-नियम (४) वा ऐनको दफा ८ को उप-दफा (१) बमोजिम अनुमतिपत्र खारेज गर्ने गरी दिएको आदेशबाट मर्का पर्ने व्यक्तिले सो आदेशउपर त्यस्तो आदेश दिने अधिकारीको एक तहमाथिको अधिकारी समक्ष पुनरावेदन गर्न सक्नेछ ।"

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३. मूल नियमावलीको नियम १५ मा संशोधनः मूल नियमावलीको नियम १५ मा रहेको "नियम ४ को उप-नियम (१) बमोजिमको अधिकारीको कार्यालयमा" भन्ने शब्दहरूको सट्टा "सम्बन्धित अञ्चल यातायात व्यवस्था कार्यालयमा" भन्ने शब्दहरू राखिएका छन् ।

४. मूल नियमावलीमा नियम ४४ थपः मूल नियमावलीको नियम ४३ पछि देहायको नियम ४४ थपिएको छः–

"४४. अनुसूचीमा हेरफेरः श्री ५ को सरकारले यस नियमावलीको अनुसूचीमा हेरफेर वा थपघट गर्न चाहेमा नेपाल राजपत्रमा सूचना प्रकाशित गरी हेरफेर वा थपघट गर्न सक्नेछ ।"

५. खारेजीः मूल नियमावलीको नियम २५ खारेज गरिएको छ ।

आज्ञाले,
मुक्तिप्रसाद काफ्ले
श्री ५ को सरकारको सचिव

श्री ५ को सरकार
## उद्योग मन्त्रालयको
## सूचना १

श्री ५ को सरकारले औद्योगिक व्यवसाय ऐन, २०३८ को दफा १० को खण्ड (ख)को उपखण्ड (१) को प्रतिबन्धात्मक वाक्यांशको प्रयोजनको लागि देहायका वस्तु उत्पादन गर्ने घरेलु उद्योगहरूलाई आयकर छूट नदिने गरी तोकेको छ ।

१. (क) आधुनिक (शेलर) बाहेकको चामल मिल
   (ख) आधुनिक बाहेकको तेल मदा मिल

२. बहुमूल्य ढुङ्गा तथा जवाहरात कटिङ्ग पलिसिङ्ग गर्ने उद्योग

३. कत्था र टेनिन उद्योग

४. चुरोट, सिगार, बिंडी र सूर्तिबाट बनेको अन्य सामान बनाउने उद्योग

५. सबै प्रकारको मादक पदार्थयुक्त पेय पदार्थ मदिरा (साइडर बाहेक) बियर, छ्याङ (दुर्गम क्षेत्रमा फलफूलबाट बनेका मदिरा बाहेक) बनाउने उद्योग

स्पष्टिकरण

यस खण्डको प्रयोजनको लागि देहायका जिल्लाहरूलाई दुर्गम क्षेत्र मानिनेछ।

(१) हुम्ला (२) मुगु (३) जुम्ला (४) डोल्पा (५) कालिकोट (६) मुस्ताङ (७) मनाङ (८) रसुवा (९) सोलुखुम्बु (१०) ताप्लेजुङ (११) संखुवासभा



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(१२) दार्चुला (१३) बाजुरा (१४) बझाङ (१५) बाग्लुङ (१६) पर्वत (१७) स्याग्दी (१८) अछाम (१९) सिन्धुपाल्चोक जिल्लाको सेर्माथाङ गाउँ पञ्चायत

६. चिरानी काठ (स:मिल) उद्योग

७. इँट उद्योग (आधुनिक बाहेक)

८. प्याकिङ्ग मात्र गर्ने उद्योग

९. काठको फर्निचर बनाउने उद्योग

१०. कोरा मालको १० प्र. श. भन्दा बढीको लागि परिवर्त्य विदेशी मुद्रा आवश्यक पर्ने उत्पादनमुलक घरेलु उद्योगहरू (खण्ड ३७, संख्या ३९ मिति २०४४।१०।४ नेपाल राजपत्र भाग ३ मा प्रकाशित यस मन्त्रालयको सूचनामा तोकिएका उद्योगहरूको सूचीमा परेका घरेलु उद्योगहरू बाहेक)।

खण्ड ३६ संख्या ३ मिति २०४३।१।१५ नेपाल राजपत्र भाग ३ मा प्रकाशित यस मन्त्रालयको सूचना १ खारेज गरिएको छ।

## सूचना २

श्री ५ को सरकारले औद्योगिक व्यवसाय ऐन, २०३८ को दफा १० को खण्ड (ख) को उपखण्ड (२) को प्रतिबन्धात्मक वाक्यांशको प्रयोजनको लागि देहायका वस्तुहरू उत्पादन गर्ने साना उद्योगहरूलाई आयकर छूट नदिने गरी तोकेकोले यो सूचना प्रकाशित गरिएको छ।

१. (क) आधुनिक (शेलर) बाहेकको चामल मिल

(ख) आधुनिक बाहेकको तेल मैदा मिल

२. बहुमूल्य ढुङ्गा तथा जवाहरात कटिङ्ग पलिसिङ्ग गर्ने उद्योग

३. कत्था र टेनिन उद्योग

४. चुरोट, सिगार, बिडी र सूर्तीबाट बनेको अन्य सामान बनाउने उद्योग

५. सबै प्रकारको मादक पदार्थयुक्त पेय पदार्थ मदिरा (साइडर बाहेक) बियर, छ्याङ (दुर्गम क्षेत्रमा फलफूलबाट बनेका मदिरा बाहेक) बनाउने उद्योग

स्पष्टिकरण

यस खण्डको प्रयोजनको लागि देहायका जिल्लाहरूलाई दुर्गम क्षेत्र मानिनेछ।

(१) हुम्ला (२) मुगु (३) जुम्ला (४) डोल्पा (५) कालीकोट (६) मुस्ताङ (७) मनाङ (८) रसुवा (९) सोलुखुम्बु (१०) ताप्लेजुङ (११) संखुवासभा



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(१२) दार्चुला (१३) बाजुरा (१४) बझाङ (१५) बाग्लुङ (१६) पर्वत (१७) म्याग्दी (१८) अछाम (१९) सिन्धुपाल्चोक जिल्लाको सेर्माथाङ गाउँ पञ्चायत

६. चिरानी काठ (स:मिल) उद्योग

७. इँट उद्योग (आधुनिक बाहेक)

८. प्याकिङ्ग मात्र गर्ने उद्योग

९. काठको फर्निचर बनाउने उद्योग ।

आज्ञाले,
भुवनेश्वर खत्री
श्री ५ को सरकारको सचिव

श्री ५ को सरकार

## कानून तथा न्याय मन्त्रालयको सूचना

श्री ५ को सरकारले कानून व्यवसायी ऐन, २०२५ को दफा १८ को उपदफा (१) को प्रतिवन्धात्मक वाक्याँशको खण्ड (ग) ले दिएको अधिकार प्रयोग गरी उक्त ऐनको दफा १८ मिति २०४७।१।१ देखि धादिङ जिल्लामा लागू हुने गरी तोकेको छ ।

आज्ञाले,
डा. गजेन्द्रमणि प्रधान
श्री ५ को सरकारको का.मु. सचिव

श्री ५ को सरकार

## अर्थ मन्त्रालयको

## सूचना १

श्री ५ को सरकारले भन्सार ऐन, २०१९ को दफा ९ को उपदफा (१) तथा बिक्रीकर ऐन, २०२३ को दफा २१ ले दिएको अधिकार प्रयोग गरी आवास कम्पनी-ले पैठारी गर्ने आवास भवन निर्माणसम्बन्धी मेशिनरी उपकरणमा लाग्ने भन्सार महशूल र बिक्रीकर पूर्णरूपले छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशित गरेको छ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।